# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४३ ) काठमाडौं, साउन ३२ गते २०५० साल (संख्या १८

## भाग ३

श्री ५ को सरकार

### कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयको सूचना

श्री ५ को सरकारले सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा ३५ ले दिएको अधिकार प्रयोग गरी सवारी साधनबाट कुनै मानिसको अंग भंग भएको तथा कुनै मानिस घाइते भएको मुद्दा सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची–१ मा समावेश गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,
बेदव्यास क्षेत्री
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

### अर्थ मन्त्रालयको सूचना

श्री ५ को सरकारले हवाई उडान कर ऐन, २०१८ को दफा १० ले दिएको अधिकार प्रयोग गरी बाढी पहिरोको कारण आवत जावत गर्न अप्ठ्यारो स्थितिमा रहेका यात्रुहरूलाई सुविधा पुऱ्याउन विराटनगर, जनकपुर, सिमरा, भरतपुर, पोखरा, भैरहवा र नेपालगन्ज विमानस्थलमा आउँदा जाँदा लाग्ने हवाई उडान करमा २०५० साल श्रावण ७ गतेदेखि १३ गतेसम्म एक हप्ताको लागि ५० प्रतिशत छूट दिएको छ ।

आज्ञाले,
त्रिलोचन उप्रेती
कानून अधिकृत उप-सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

229